**<u>रोजगारमुलक ज्ञान र सिपका लागि अबको नीतिः</u>** रेडियो कार्यक्रम

***२०७३ साल मंसिर २१ गतेदेखि पुस ६ गतेसम्म  हरेक मंगलवार र बुधवार विहान ७:२५ बजेदेखि ८ बजेसम्म प्रसारण गरिएको***

कार्यक्रमको लागि श्रोत व्यक्तिहरु (अतिथी)

१ बैकुण्ठ अर्याल : शिक्षा मन्त्रालयका सहसचिव एवं स्कील्सका राष्ट्रियम कार्यक्रम निर्देशक

२ महाश्रम शर्मा : पुर्व शिक्षा सचिव

३ लाधुराम तामाङ्ग, बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, संचालक समिति सदस्य एवं सोसाइटी अफ इलेक्ट्रिकल इन्जिनियर्सका अध्यक्ष

४ श्याम प्रसाद गिरी : अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ र

विनायक शाह : महासचिव, नेपाल होटल संघ (हान)

५ डा कुलबहादुर बस्नेत : उपाध्यक्ष,  सिटिइभिटी र

६ धनीराम पौडेल : शिक्षा मन्त्री

**कार्यक्रममा सोधिएका मुख्य प्रश्न र उठाइएका विषयहरु**

कार्यक्रमका लागि मुख्य मुद्दा युवाहरुलाई श्रमबजारमा विकाउ र टिकाउ बनाउन तथा पढेपछि गरिखान सकिन्छ भन्ने सन्देश प्रवाह गर्न नेपालमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको महत्व र आवश्यक्ता कति छ ? त्यसका लागि बनेको नीति कस्तो छ  ? भन्ने मुद्दालाई नै केन्द्रित गरिएको थियो । श्रम बजारमा वार्षिक कति युवा प्रवेश गर्छन र ति मध्ये कतिले रोजगार पाउंछन ? कतिले पाउन सक्दैनन ? पाउनेहरु कुन क्षेत्रमा लाग्छन ? नपाउनेहरु कता जान्छन, के गर्छन ?  श्रम बजारमा आउने  सबैले रोजगार नपाउनुको मुख्य कारण के देखिन्छ ?  तालिम र शिक्षा लिएका जनशक्तिको लागि रोजागारको व्यवस्था र अवसरको अवस्था के कस्तो छ ?  प्राविधिक तथा व्यवसायिक शिक्षा  एवं तालिम नीतिको कार्यान्वन र अनुगमन अवस्था कस्तो छ ? यसको परिमार्जनको आवश्यक्ता कति सान्दर्भिक देखिन्छ ?  विदेशमा जाने युवाहरुको लागि नीतिले गरेको व्यवस्था के छ ?  लगायतका मुख्य विषयमा केन्द्रित भइ छलफल चलाइएको थियो । यसैगरी दक्ष जनशक्ति उत्पादनमा सरकारी निजी क्षेत्रको सहकार्य कसरी बढाउने? नीति निर्माण तहमा निजी क्षेत्रको सहभागिता कसरी कति गराउने ?  प्राविधिक शिक्षालाई रोजगारसंग कसरी जोडने ?  टिभेट नीतिमा सबैको अपनत्व कसरी गराउने ?  यसको परिमार्जन किन जरुरी ? यसवारेमा सरकारी र  निजी क्षेत्रका उद्योग व्यवसायीको धारणा, अनि सबै क्षेत्रलाई समेटने गरी नीतिलाई थप प्रभावकारी बनाइ देशमा स्वरोजगारको अवसरका लागि दक्ष जनशक्ति उत्पादन गरी मुलुकबाट बेरोजगार समस्याको हल खोज्ने मुख्य विषयलाई केन्द्रित गरिएको छ । सरकारी र निजी क्षेत्रको सुझावलाई शिक्षा मन्त्रीको ध्यानाकर्षण गराइ प्राविधिक व्यवसायिक शिक्षा  विस्तारमा सरकारको योजना के ? निजी क्षेत्रसंगको समन्वय कसरी ? नीति निर्माण तहमा  निजी क्षेत्रका सहभागिता , टिभेट पोलिसी परिमार्जनमा  तपाईको धारणा के लगायतका  विषयमा केन्द्रित भइ प्रश्नहरु राखिएका थिए ।

**कार्यक्रमबाट आएका सुझाव**

कार्यक्रमको **पहिलो श्रंखलामा हामीले स्कील्सका राष्ट्रिय कार्यक्रम निर्देशक बैकुण्ठ अर्यालसं**ग र **दोश्रो श्रृंखलामा शिक्षा मन्त्रालयका पुर्व सचिव महाश्रम शर्मा**संग विषय विज्ञका रुपमा कुराकानी गर्‍यौं । दुबैले अहिलेको सन्दर्भमा गरिखाने शिक्षा भनेको प्राविधिक तथा व्यवहारिक शिक्षा र तालिम नै भएकोमा जोड दिनु भयो । निर्देशक अर्याललका अनुसार साधारण शिक्षाले भन्दा प्राविधिक शिक्षाले युवालाई गरिखाने बनाउंछ । यसको प्रभावकारितालालाई बढाउन, बजारले खोजे अनुसार पाठयक्रमलाई परिमार्जित गर्दै विदेशको लागि भन्दा देशको आवश्यक्तालाई हेरी दक्ष जनशक्ति उत्पादनमा लाग्नुपर्छ । त्यसको लागि वातावरण बन्नुपर्छ । बनेको नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा हुन सकेको छैन । सरोकारवाला पक्षले त्यसमा आफनो कुशल क्षमता प्रदर्शन गर्नु पर्छ । प्राविधिक शिक्षा र तालिम त्यसमै बढी लक्षित हुनुपर्छ ।

पुर्व शिक्षा सचिव शर्माले पनि देशको आवश्यक्तालाई हेर्दा प्राविधिक शिक्षाको विकल्प नदेखिने बताउनु भएको छ । शर्माका अनुसार प्राविधिक शिक्षाको महत्व नेपालको सन्दर्भमा व्यापक हुंदा पनि बजारले खोजे जस्तो जनशक्ति उत्पादनमा सरोकारवाला निकाय त्यति सफल देखिंदैन । अहिलेको उत्पादन परम्परागत भएको र बजारको आवश्यक्तासंग मेल खाएको छैन । भारत, पाकिस्तान, बंगलादेश श्रीलंका जस्ता देशमा प्राविधिक शिक्षालाई जति महत्व दिइएको छ नेपालमा त्यति दिएको पाइदैन । त्यसका लागि नीतिमै सुधारको आवश्यक्ता छ । निजी क्षेत्रको आवश्यक्तालाई बुझ्रेर अघि बढनु पर्छ ।

**तेश्रो श्रृंखलामा बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, संचालक समिति सदस्य एवं सोसाइटी अफ इलेक्ट्रिकल इन्जिनियर्सका अध्यक्ष लाधुराम तामाङ्ग :** चीन, जापान, सिंगापुर जस्ता देशमा जसरी प्राविधिक तथा व्यवहारिक शिक्षामा सरकारले बढी लगानी गरेको छ यहां पनि त्यस्तै हुनुपर्छ । डाक्टर इन्जिनियर जस्ता पढाइमा मात्र हैन फरक समुदाय र पछाडि परेका समुदायको सीपलाई संरक्षण र आधुनिकीकरण गर्ने, गरिखान सक्ने शिक्षा र तालिम दिने, निजी क्षेत्रको सहकार्यलाई बढाउने र शिक्षा तथा तालिम प्रदायक संस्थाहरुलाई प्रभावकारी बनाउन विद्यमान नीतिमा परिवर्तन गरिनु पर्छ ।

**चौंथो कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष श्याम प्रसाद गिरी र होटल संघका महासचिव एवं प्रवक्ता विनायक शाह :** हाम्रो क्षेत्रमा युवाहरुका लागि प्रशस्त अवसर छ । दिनसक्छौं । तर हामीलाई चाहिएको जस्तो जनशक्ति पाउन गाह्रो छ । हाम्रो आवश्यक्ता एकातिर छ । सिटीइभिटीको उत्पादन अर्कोतिर छ । तालमेल नै मिलेको छैन । नीति निर्माण तहमा हाम्रो सहभागिता जरुरी छ । हाम्रो उत्पादन क्षेत्रमा बिक्ने जनशक्ति सिटिइभिटीले उत्पादन गरेकै छैन । य सम्बन्धी बनेको नीति परिमार्जन नगरि हुन्न । हामीलाई हुने नीति ल्याएमा त्यसलाई हुबहु कार्यान्वयन गर्न र सरकारसंग सहकार्य गरि अघि बढन सधैं तयार छौं । नीति बनाएर मात्र भएन प्रभावकारी कार्यान्वयन गर्न गराउन जरुरी छ ।

**पांचौ श्रृंखला, सिटिइभिटीका उपाध्यक्ष डा कुल बहादुर बस्नेत :** निजी क्षेत्रबाट आएका गुनासा जायज हुन । बजारले खोजेको जनशक्ति उत्पादन गर्न नसकिएको पनि सत्य हो । श्रोत र साधनको कमी भएर पनि यस्तो भएको हो । नेपाललाई विकास गर्ने हो भने अब प्राविधिक र व्यवहारिक शिक्षामा लगानी बढाउनै पर्छ । समुदाय, व्यक्तिको क्षमतालाई बुझ्रेर त्यही अनुसारको शिक्षा र तालिम दिनु पर्छ । पाठयक्रम समसायिमक बनाउन, टिभेट पोलिसी परिमार्जन गर्न तथा निजी क्षेत्रको सक्रिय सहभागिता बढाउन हामी तयार छौं । सरकार तयार हुनुपर्छ ।

**छैंटौ श्रृंखलामा शिक्षामन्त्री धनीराम पौडेल** : नेपालको सन्दर्भमा प्राविधिक शिक्षा र तालिमको महत्व छ भनेर नै यस सम्बन्धी कार्यक्रम सरकारी विद्यालयदेखि सिटिभिटी अन्तर्गत थुप्रै कार्यक्रम संचालनमा छन । कतै राम्रै छन । कतै नाम मात्रका छन । सोचे जति विस्तार हुन सकेको छैन । तर गर्न आवश्यक छ । सरकारी निकाय वीच समन्वय नहुंदा लगानीको उचित प्रतिफल आएको देखिदैन । निजी क्षेत्रसंगको सहकार्य बढाउन टिभेट पोलिसी परिमार्जन गर्न जरुरी

छ । त्यस सम्बन्धमा गृहकार्य पनि भइरहेको छ । बनेको नीति प्रभावकारी कार्यान्वयन नहुनु र कर्मचारी संयन्त्र गतिशिल नहुनु चिन्ताको विषय हो । प्राविधिक तथा व्यवहारिक शिक्षा र तालिमलाई रोजगार, उत्पादन र निजी क्षेत्रसंग जोडनु पर्छ ।  यसको विस्तार गर्नु भनेको सरकारको इच्छा भन्दा पनि राष्ट्रको आवश्यक्ता हो भन्ने सबैले बुझनु पर्छ । सबैबाट आउने सुझाव, सहयोग र सहकार्यका लागि आव्हान गर्दछु ।

सरकारी र निजी क्षेत्रको सुझावलाई शिक्षा मन्त्रीको ध्यानाकर्षण गराइ प्राविधिक व्यवसायिक शिक्षा  विस्तारमा सरकारको योजना के ? निजी क्षेत्रसंगको समन्वय कसरी ? नीति निर्माण तहमा  निजी क्षेत्रका सहभागिता , टिभेट पोलिसी परिमार्जनमा  तपाईको धारणा के लगायतका  विषयमा केन्द्रित भइ प्रश्नहरु राखिएका थिए ।

**कार्यक्रमबाट आएका सुझाव**

छैंटौ श्रंखलामा शिक्षामन्त्री धनीराम पौडेल : नेपालको सन्दर्भमा प्राविधिक शिक्षा र तालिमको महत्व छ भनेर नै यस सम्बन्धी कार्यक्रम सरकारी विद्यालयदेखि सिटिभिटी अन्तर्गत थुप्रै कार्यक्रम संचालनमा छन । कतै राम्रै छन । कतै नाम मात्रका छन । सोचे जति विस्तार हुन सकेको छैन । तर गर्न आवश्यक छ । सरकारी निकाय वीच समन्वय नहुंदा लगानीको उचित प्रतिफल आएको देखिदैन । निजी क्षेत्रसंगको सहकार्य बढाउन टिभेट पोलिसी परिमार्जन गर्न जरुरी छ । त्यस सम्बन्धमा गृहकार्य पनि भइरहेको छ । बनेको नीति प्रभावकारी कार्यान्वयन नहुनु र कर्मचारी संयन्त्र गतिशिल नहुनु चिन्ताको विषय हो । प्राविधिक तथा व्यवहारिक शिक्षा र तालिमलाई रोजगार, उत्पादन र निजी क्षेत्रसंग जोडनु पर्छ ।  यसको विस्तार गर्नु भनेको सरकारको इच्छा भन्दा पनि राष्ट्रको आवश्यक्ता हो भन्ने सबैले बुझनु पर्छ । सबैबाट आउने सुझाव, सहयोग र सहकार्यका लागि आव्हान गर्दछु ।

शिक्षा मन्त्री पौडेलको समय व्यवस्थताका कारण उहाँसंगको अन्तर्वार्ता  पहिले नै रेकर्ड गर्न सकेनौं । त्यसैले हामीले मिति २०७३ पौष ६ गते विहान ७:२५ देखि ८ बजेसम्म  अन्तर्वार्ता  प्रत्यक्ष प्रसारण गऱ्यौं । उहांसंग भएको प्रत्यक्ष अन्तर्वार्ता प्राविधिक गडबढीका कारण रेकर्ड राख्न सकेनौं । प्रसारणको बेला रेकर्ड समेत हुने व्यवस्था भएकोमा त्यस दिन रेकर्ड हुंदाहुंदै कम्प्युटर व्याक अपले पनि काम नगरेकोले रेकर्ड राख्न असमर्थ भयौं । यसको लागि हामी क्षमा चाहन्छौं ।

**निष्कर्ष :**

रेडियो कार्यक्रम मार्फत  नेपालको लागि प्राविधिक र व्यवहारिक शिक्षा तथा तालिम अत्यावश्यक छ भन्नेमा  सरकारी तथा निजी क्षेत्रबाट साझा मत आएको छ ।  शिक्षा र तालिमका लागि विद्यमान पाठयक्रमलाई बजारको आवश्यक्ताको आधारमा सुधार गर्ने, चलेका संस्थालाई आधुनिकीकरण गर्ने,  निजी क्षेत्रसंगको सहकार्यलाई बढवा दिने र प्राविधिक शिक्षा तथा व्यवहारिक तालिम नीति २०६९ लाई परिमार्जन गरिनु पर्नेमा एकै श्वरमा सुझाव आएका छन । सरोकारवाला निकायका जिम्मेवार अधिकारीहरुबाट आएका विचार र सुझावबाट पक्कै पनि जीवन पर्यन्त सिकाइलाई सिप र ज्ञानका लागि सहयोग कार्यक्रमको उद्देश्य पुरा गर्न मद्दत पुग्ने विश्वास गर्न सकिन्छ ।